# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### प्रकोपजन्य जोखिम व्यवस्थापन बैंकहरूका लागि महत्वपूर्णः गभर्नर डा. खतिवडा

नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाले नेपाल बैंकर्स संघ, युएसएआइडी, भुकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (NSET) र 'परामर्श'को आयोजनामा जेष्ठ १६ गते सम्पन्न "Disaster Recovery and Business Continuity Plan for Banking Sector" विषयक गोष्ठीलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै प्रकोपजन्य जोखिम व्यवस्थापन बैंकहरुका लागि महत्वपूर्ण रहेकोतर्फ सहभागीहरुको ध्यान आकृष्ट गराउनु भयो । उहाँले व्यवसायिक, बजार र सूचनाप्रविधि सम्बन्धी जोखिमहरु जस्तै प्रकोपजन्य जोखिमको पनि आँकलन गरी त्यसबाट पर्न सक्ने प्रभावबाट व्यवसायिक निरन्तरता कायम राख्न सक्ने गरी तयार रहनु पर्नेमा जोड दिनुभयो । नेपालमा भूकम्पीय जोखिम अधिक रहेको पृष्ठभूमि, भवन संहिताको पूर्ण पालना गरी भूकम्पीय जोखिम अनुरुप कतिपय घर निर्माण नभएको परिवेश र त्यस्ता घर समेत बैंक तथा वित्तीय संस्थाहरुले भाडामा लिई प्रयोग गर्नु परेको अवस्थामा यस जोखिमप्रति बैंकहरु सचेत रहनु पर्ने धारणा राख्नु भएको थियो ।

गभर्नर खतिवडाले प्रकोपको प्रभाव न्यूनीकरणका लागि बनाएको व्यवसायिक निरन्तरता योजना (Business Continuity Plan) सम्बन्धी जानकारी संस्थागत हुनपर्ने, जोखिम न्यूनीकरणका उपायहरुको प्रभावकारिता नियमित अनुगमन हुनुपर्ने र जोखिम व्यवस्थापन सम्बन्धी अभ्यास सहितको व्यवसायिक निरन्तरता योजना (Business Continuity Plan) तयार पार्नुपर्ने सुझाव दिनुभएको थियो ।




गभर्नर खतिवडाले गोष्ठीको विषय केन्द्रीय बैंकको समेत सरोकारको विषय भएकाले केन्द्रीय बैंक यस विषयमा सहकार्य गर्न तयार रहेको बताउँदै गोष्ठीको सफलताको कामना गर्नु भएको थियो । NSET का कार्यकारी निर्देशक डा. आमोदमणि दीक्षितले गभर्नर डा. खतिवडाले प्रस्तुत विषयमा देखाउनु भएको चासोको सराहना गर्नुभएको थियो भने विषय विशेषज्ञहरु सूर्यभक्त साँगाछे, किरण गौतम र निकोला गुटरम्यानले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

मिति २०७१।२।१८

गभर्नरको कार्यालय